कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश,

सेवा करारमा कर्मचारी पदपूर्तीका लागि दरखास्त
आह्वान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति: २०७८/१०/१० गते)

यस नगरपालिकाको मिति २०७८/१०/०९ गतेको निर्णयानुसार गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको लागि विवरण संकलन गर्न तपसिल बमोजिमका पदहरू सेवा करारबाट पदपूर्ती गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.स | विज्ञापन नं. | पद | संख्या | दस्तुर |
|---|---|---|---|---|
| १ | १/२०७८/०७९ | सुपरिवेक्षक | २ | ४००।- |
| २ | २/२०७८/०७९ | गणक | १२ | ३००।- |

**१. आवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

ख) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो-३ प्रति ।

ग) मान्यताप्राप्त शिक्षण संस्थाबाट उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र र कम्यूटर सम्बन्धी कम्तिमा ६ महिनाको आधारभूत तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी

घ) पेश गरेको कागजातहरूको प्रतिलिपी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

**२. शैक्षिक योग्यता:**

**क) सुपरीवेक्षकको लागिः** मान्यताप्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्यूटर सम्बन्धी छ महिनाको तालिम प्राप्त गरेको ।

**ख) गणकको लागि:** मान्यताप्राप्त शिक्षण संस्थावाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्यूटर सम्बन्धी छ महिनाको तालिम प्राप्त गरेको ।

३. उम्मेदवारको उमेरको हदः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

४. पदावधिः ५ महिना ।

**५. पारिश्रमिक सुविधाः**

**क) सुपरीवेक्षकको लागि** : गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका,२०७५ ले तोके बमोजिम सुविधा ।

**ख) गणकको लागिः** गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका,२०७५ ले तोके बमोजिम सुविधा ।

६. छनोटको किसिमः

क. रीतपूर्वक प्राप्त आवेदनको आधारमा मुल्यांकन गरी उम्मेदवारको प्रारम्भिक सूची प्रकाशन गरिनेछ ।

ख. खण्ड (क) बमोजिम छनौट भएका उम्मेदवारहरूलाई आधारभुत कम्प्युटर ज्ञान तथा परीक्षण र अन्तर्वार्तामा सहभागी गराईनेछ ।

७. आवेदन फाराम कागेश्वरी मनोहरा नगरपालिकाको वेबसाइट https://kageshworimanoharamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ। आवेदन फाराम कार्यालय समयमा राजस्व शाखामा बुझाउन सकिनेछ ।

९.दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस पश्चात कार्यालय खुलेको पहिलो दिन कार्यालय समयभित्र पेश गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

१०.थप जानकारीको लागि कागेश्वरी मनोहरा नगरपालिकाको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

११. छनोट प्रक्रियामा अनुभवको गणना हुने हुँदा उम्मेदवारले अनुभव खुल्ने प्रमाणीत कागजात आवेदन साथ अनिवार्य संलग्न गर्नु पर्ने छ ।